# भीमेश्वर नगरपालिका

## नगर कार्यपालिकाको १३ औं बैठकका निर्णयहरु

मिति : २०८०/०३/०९ गते

निर्णय नं. १ : भीमेश्वर नगरपालिकाको आ.व. २०८०/०८१ को संलग्न वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गरी २०८० साल असार १० गते संचालन हुने नगर सभाबाट पारित गर्नका लागि पेश गर्ने निर्णय गरियो।

निर्णय नं. २ : भीमेश्वर नगरपालिकाको आ.व. २०८०/०८१ को संलग्न विनियोजन विधेयक, २०८० स्वीकृत गरी २०८० साल असार १० गते संचालन हुने नगर सभाबाट पारित गर्नका लागि पेश गर्ने निर्णय गरियो।

निर्णय नं. ३ : भीमेश्वर नगरपालिकाको आ.व. २०८०/०८१ को संलग्न आर्थिक विधयेक, २०८० स्वीकृत गरी २०८० साल असार १० गते संचालन हुने नगर सभाबाट पारित गर्नका लागि पेश गर्ने निर्णय गरियो।

निर्णय नं. ४ : भीमेश्वर नगरपालिकाको वन विधयेक, २०८० र वातावरण सँरक्षण विधयेक, २०८० को मस्यौदालाई प्रक्रियागत रुपमा अगाडि बढाउनका लागि २०८० साल असार १० गते संचालन हुने नगर सभाबाट अनुमति प्राप्त गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. ५ : <u>विविध विषयहरु :</u>

क) बन्यजन्तु (बाँदर) को कारण अति प्रभावित भीमेश्वर नगरपालिका वडा नं. ८ लामिडाँडाका कृषकहरुलाई मध्यनजर गर्दै बन्यजन्तु (बाँदर) नियन्त्रण गर्न चेन लाइन जाली (बाँदर समात्ने खोर निर्माण गर्न) खरिद वापतको रु ७८,४६९/- (अठहत्तर हजार चार सय उनन्सत्तरी) बजेट खर्च नभई बचत रहेको शीर्षक मध्येबाट शिर्षकान्तर/रकमान्तर गरी आवश्यक कागजातका आधारमा रकम उपलब्ध गराउने र सो को अनुमोदन नगर सभाबाट गराउने निर्णय गरियो।

ख) भीमेश्वर नगरपालिका, वडा नं. ४ स्थित टहले जलेश्वर टोल विकास संस्थाले प्रस्ताव गरे बमोजिम उक्त मन्दिरमा विभिन्न समयमा लाग्ने मेलामा बजाईने लोप हुदै गईरहेको मौलिक पन्चे बाजाको संरक्षणका निमित्त एक सेट पन्चे बाजा खरिद वापतको रु १,१८,८७६/- (एक लाख अठार हजार आठ सय छहेत्तर) बजेट खर्च नभई बचत रहेको शीर्षक मध्येबाट शिर्षकान्तर/रकमान्तर गरी आवश्यक कागजातका आधारमा टहले जलेश्वर टोल विकास संस्थालाई रकम उपलब्ध गराउने र सो को अनुमोदन नगर सभाबाट गराउने निर्णय गरियो।

ग) भीमेश्वर नगरपालिका, वडा नं. ५ नं. स्थित जफती कात्तिके सडक मर्मत कार्य सम्पन्न भई भुक्तानी दिनुपर्ने रकम रु ४८,८१६/- (अठचालिस हजार आठ सय सोह्र) बजेट खर्च नभई बचत रहेको शीर्षक मध्येबाट शिर्षकान्तर/रकमान्तर गरी आवश्यक कागजातका आधारमा रकम उपलब्ध गराउने र सो को अनुमोदन नगर सभाबाट गराउने निर्णय गरियो।

२०-०८०/०३/०९

दीपक प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

घ) भीमेश्वर नगरपालिका, वडा नं. २ नं. स्थित राजकुलेश्वर आ.वि. व्यवस्थापन कार्य सम्पन्न भई सो कार्यको भुक्तानी दिनुपर्ने रकम रु ७०,०००/- (सत्तरी हजार) बजेट खर्च नभई बचत रहेको शीर्षक मध्येबाट शिर्षकान्तर/रकमान्तर गरी राजकुलेश्वर आ.वि.लाई आवश्यक कागजातका आधारमा रकम उपलव्ध गराउने र सो को अनुमोदन नगर सभाबाट गराउने निर्णय गरियो ।

ङ) मिति २०८० साल जेठ ४ गतेदेखि १५ गतेसम्म चर्नावतीमा संचालन भएको श्रीमद् देवीभागवत महापुराण नवाह ज्ञान महायज्ञ स्थलसम्म जाने बाटो सरसफाई गर्ने कार्य सम्पन्न भई भुक्तानी दिनुपर्ने रकम रु ३४,०००/- (चौतिस हजार) बजेट खर्च नभई बचत रहेको शीर्षक मध्येबाट शिर्षकान्तर/रकमान्तर गरी आवश्यक कागजातका आधारमा रकम उपलव्ध गराउने र सो को अनुमोदन नगर सभाबाट गराउने निर्णय गरियो ।

च) यस वर्षको मनसुन शुरु भईसकेको अवस्थामा विपद्जन्य घटनाको पूर्व तयारीको लागि भिमेश्वर नगरपालिकाको वडा २, ३, ६, ७, ८ र ९ लाई प्रति वडा रु ५०,०००/- बराबरको जम्मा रु ३,००,०००/- (तीन लाख) को त्रिपाल खरिद गरी वडाहरुबाटै वितरण गर्ने गरी उपलब्ध गराउने, साथै रु ५०,०००/- (पचास हजार) बराबरको त्रिपाल नगर कार्यपालिकाको कार्यालयबाट वितरण गर्नेगरी खरिद गर्ने र सो प्रयोजनका लागि कुल जम्मा रु ३,५०,०००/- (तीन लाख पचास हजार) बजेट खर्च नभई बचत रहेको शीर्षक मध्येबाट शिर्षकान्तर/रकमान्तर गरी उक्त त्रिपाल खरिद गर्ने र सो को अनुमोदन नगर सभाबाट गराउने निर्णय गरियो ।

छ) भीमेश्वर नगरपालिका र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेटौडाको लागत साझेदारीमा नवप्रवर्तन साझेदारी कोष कार्यक्रम अन्तर्गत संचालित सरसफाई केन्द्र निर्माण परियोजनाको कार्यान्वयनमा उपकरण खरिद शिर्षक (डस्विन, कम्पोस्ट विन, बोन क्रसर, पेट बोतल क्रसर, ग्लास बोतल क्रसर, प्लास्टिक वेस्ट क्लिनर, ग्यार्वेज कम्प्याक्टर,कन्वयर बेल्ट) मा उल्लेख उपकरणहरु सार्वजनिक सूचना (e-bidding) प्रकाशन गरी खरिद प्रक्रिया अगाडि बढाउदा स्वीकृत लागत अनुमान भन्दा कम दरमा कबोल हुन गई रकम बचत हुन गएको र दीगो फोहोरमैला व्यवस्थापनका लागि सरसफाई केन्द्रलाई सरसफाई ज्ञान केन्द्रको रुपमा विकास गर्न सरसफाई केन्द्र पूर्वाधार निर्माण कार्य गर्न आवश्यक भएकोले बचत रकम रु १५,००,०००/- (पन्ध्र लाख) बाट स्थानीय उपभोक्ता समिति मार्फत सरसफाई केन्द्रसम्मको पहुँच मार्ग स्तरोन्नति लगायतका पूर्वाधार निर्माण कार्य अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

ज) नेपाल सरकारको प्रतिवद्धता बमोजिम प्रत्येक वडा, पालिका र जिल्लालाई हरेक वर्ष पूर्ण खोप सुनिश्चितता घोषणा गर्नुपर्ने नीति बमोजिम यस भीमेश्वर नगरपालिकामा पनि आ.व. २०७९/०८० मा जन्मेदेखि ५ वर्षसम्मका सम्पूर्ण बालबालिकाहरु कुनै पनि खोपबाट वन्चित नरहेको तथ्यांक विभिन्न चरणमा महिला स्वास्थ्य स्वयंसेविका/स्वास्थ्यकर्मी परिचालन भई घरधुरी सर्वेक्षण पश्चात उक्त विवरण प्राप्त भएकोले यस नगरपालिकाका सबै वडाहरु पूर्ण खोप सुनिश्चितता भएको व्यहोरा प्राप्त भएको विवरणको आधारमा यस नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता घोषणा गर्ने निर्णय गरियो ।

झ) तिलक बहादुर कार्कीको छोरा दोलखा जिल्ला साविक झुले गा.वि.स वडा नं. १ को हाल परिवर्तित तामाकोशी गाउँपालिका वडा नं. २ घर भएका बिक्रम कार्की निवेदक, दोलखा जिल्ला भीमेश्वर नगरपालिका-१, नगर प्रमुख-१, नगर उप-प्रमुख-१, नगर कार्यपालिकाको कार्यालय-१ र प्रमुख प्रशासकीय अधिकृत-१ समेत विपक्षी भएको सर्वोच्च अदालतको उत्प्रेषण रिट नं. ०७९-WO-१३५० को निवेदनको १५ दिने म्याद सुचना मिति २०८०/२/२५ गते भीमेश्वर नगरपालिकामा तामेल भएको हुँदा सो निवेदनको लिखित जवाफ पेश गर्न र तारेख लिने कार्यका लागि भीमेश्वर

२०८० साल असार ०९ गतेको निर्णयहरु

नगरपालिका, नगर प्रमुख, नगर उप-प्रमुख, नगर कार्यपालिकाको कार्यालय, प्रमुख प्रशासकीय अधिकृत समेतको तर्फबाट भीमेश्वर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा कार्यरत भीमेश्वर नगरपालिका वडा नं. २ बस्ने अधिकृत सातौं श्री ज्ञानु कुमार खड्कालाई उल्लिखित मुद्दाको सन्दर्भमा वारेस तोकी निजलाई अख्तियारनामा दिने निर्णय गरियो।

ञ) मालपोत कार्यालय, दोलखाको च.नं. ३२६९, मिति २०८०/०२/१९ को पत्रानुसार उक्त कार्यालयको सवारी साधन मर्मत सम्वन्धमा आवश्यक सहयोग गरिदिन भनि अनुरोध भई आएकोले नगरपालिकाको तर्फबाट सवारी साधन मर्मत सम्वन्धी आवश्यक कागजात माग गरी सो को आधारमा रु ५०,०००/- (पचास हजार) सहयोग स्वरूप उपलब्ध गराउने निर्णय गरियो।

ट) आ.व. २०७९/०८० र २०८० /०८१ का लागि भीमेश्वर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र अन्तर्गत आयोजना/कार्यक्रम कार्यान्वियन, निरिक्षण, अनुगमन लगायत कार्यालयको कामकाज समेतका लागि सरकारी तथा नीजि दुईपाङ्ग्रे सवारी साधन प्रयोग भएको र कर्मचारीले सवारी साधन मर्मत एवम् ईन्धन खर्च स्वयंले व्यहोरेको सन्दर्भमा सवारी चालक अनुमति पत्र भएका कर्मचारीहरुलाई तपसिल बमोजिमको मर्मत खर्च तथा ईन्धन व्यवस्थाका लागि सम्वन्धित कर्मचारीको बैंक खातामा रकम उपलब्ध गराउने र सो को अनुमोदन नगर सभाबाट गराउने निर्णय गरियो।

| क्र.स | सवारी साधन प्रयोगकर्ता कर्मचारीको जिम्मेवारी | मासिक ईन्धन प्रति सवारी साधन लि. | वार्षिक मर्मत खर्च प्रति सवारी साधन रु | कैफियत |
|---|---|---|---|---|
| १. | कार्यालय केन्द्रित जिम्मेवारी | ० | १०००० | |
| २. | फिल्ड कार्य केन्द्रित जिम्मेवारी (वडा प्राविधिक) | १० | १५००० | वडा नं. १,२,५, ७,८ र ९ |
| ३ | फिल्ड कार्य केन्द्रित जिम्मेवारी (वडा प्राविधिक) | ८ | १०००० | वडा नं. ३,४ र ६ |
| ४ | फिल्ड कार्य केन्द्रित जिम्मेवारी (पशु प्राविधिक) | १० | १०००० | |
| ५ | फिल्ड कार्य केन्द्रित जिम्मेवारी (कृषि प्राविधिक) | ७ | १०००० | |
| ६ | सवै वडामा कार्य केन्द्रित जिम्मेवारी (प्राविधिक) | १५ | १५००० | |
| ७ | वडा सचिव/सहायक | १० | १०००० | वडा नं. १, ८ र ९ |
| ८ | वडा सचिव/सहायक | ८ | १०००० | वडा नं. २, ३,४, ५, ६ र ७ |
| ९ | नगर प्रहरी | ८ | १०००० | बजार अनुगमन/पत्राचार |
| १० | सवारी चालक | ७ | १०००० | |
| ११ | कार्यालय सहयोगी | ७ | १०००० | |
| १२ | ईन्जिन मर्मत र टायर फेर्ने | | | कार्यालय प्रमुखको निर्णय बमोजिम |

२०८०/०३/०९